निर्वाचन आयोग नेपाल
# जिल्ला निर्वाचन कार्यालय
चितवन

फोन/फ्याक्स : ०५६-५९०६९१
ईमेल : deo.chitwan@election.gov.np

प.सं. :- २०७८/०७९
च.नं. :-

# सूचना ! सूचना !! सूचना !!!

## २०७९ असार १ गतेदेखि मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम सुचारु हुने सम्बन्धमा ।

स्थानीय तह निर्वाचन, २०७९ को मिति घोषणा भए पश्चात् २०७८ साल माघ २५ गतेदेखि स्थगित भएको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई दृष्टिगत गरी आयोगले यही २०७९ साल असार १ गतेदेखि संचालन गर्ने निर्णय गरेको छ ।यस अवधिमा नागरिकता लिएका र मतदाता नामावली ऐन, २०७३ बमोजिम योग्यता पुगी नाम दर्ता गर्न छुट भएका सबै नेपाली नागरिकहरुले जिल्ला निर्वाचन कार्यालय चितवन, जिल्ला प्रशासन कार्यालय चितवन र इलाका प्रशासन कार्यालय माडीमा गई आ-आफ्नो नाम दर्ता गराउन सक्नेछन् । यस कार्यक्रम अन्तर्गत नाम दर्ता गर्न, विवरणमा रहेको त्रुटि सच्याउन, मतदाता नामावलीबाट नाम हटाउन, ठेगाना परिर्वतन गर्न, मतदान स्थल परिवर्तन गर्न, दोहोरो परेको नाम हटाउन सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिन सकिनेछ । यसैगरी आयोगबाट वितरण भएको मतदाता परिचयपत्र भएको तर कुनै कारणले मतदाता नामावलीमा नाम नरहेको व्यक्तिहरुले समेत मतदाता नामावलीमा नाम दर्ता गराउन सक्नेछन् ।

पेशा, व्यवसायको कारणले कुनै एक जिल्लामा बसोबास गरिरहेको तर आफ्नो स्थायी ठेगाना अर्को जिल्लामा रहेको भए त्यस्तो व्यक्तिले नाम दर्ताको लागि आवश्यक प्रमाण सहित जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिएमा त्यस्तो व्यक्तिको नाम निजको स्थायी ठेगानामा रहने गरी बाहिरी जिल्ला मतदाता दर्ता (Out of District Registration ODR) कार्यक्रम समेत संचालन हुने भएको छ ।

२०७९/२/२५

**भिमसेन कार्की**
**जिल्ला निर्वाचन अधिकारी**

दर्ता नं.....
मिति.....